प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

☎ ०८२-५६०००४
☎ ०८२-५६३३६९

# घरेलु तथा साना उद्योग कार्यालय

दाङ

## सूचना ! सूचना !! सूचना !!

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७७/१०/७**

**कार्यक्रमको नाम : परम्परागत सीप र प्रविधिमा आधारीत नयाँ उद्यमी तयार सम्बन्धि ।**

आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत बैदेशीक रोजगारीबाट फर्केका तथा स्वदेश मै उद्यम गर्न चाहाने नव उद्यमीहरु लाई लगानी (मेशिन उपकरण) का आधारमा लगानीको ५० प्रतिशत वा रु. ५ लाख मध्ये जुन कम हुन्छ सो बरावरको रकम अनुदान दिने कार्यक्रम रहेकाले **आ.ब.२०७७ श्रावण देखि २०७७ माघ १३ गते सम्म दर्ता भएका वा हुने उद्योगका** उद्यगीहरुले **व्यवसायीक योजना** सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०७७/१०/०७ देखी २०७७/१०/२१ गते बुधवार सम्म कार्यालय समय भित्र (१५ औं दिनमा कुनै बिदा परेमा सोको अर्को दिन कार्यालय खुलेको समयको १ (एक) दिन भित्र) सम्म तपशिलका कागजातहरु सहित पुन: प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागी १५ औं दिने सूचना प्रकाशन गरीएको छ । निवेदन कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

**क) संलग्न गर्नुपर्ने कागजातहरु:**

**१) चालु आ.ब.मा दर्ता भएको उद्योग दर्ताको प्रमाणपत्र प्रतिलिपी ।**
**२) आ.रा.का. दाङको पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।**
**३) नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।**
**४) यस अगाडी नेपाल सरकार, प्रदेश सरकार वा कुनै निकायबाट कुनै सहुलियत वा अनुदान नलिएको स्वघोषणा पत्र ।**
**५) विगत २ बर्षभित्र वैदेशिक रोजगारीबाट फर्केका स्वंयम उद्यमी वा परिवारको सदस्य भएको पुष्टी हुने कागजातहरु ।**

**ख) अनुदान भूक्तानी :**

१. मूंल्याङ्कन समितिबाट मेशिन उपकरण प्राप्त गर्ने गरी प्रस्ताव स्वीकृत भएमा सामानको भ्याट बिल, मेसिन जडान गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
२. उद्योग दर्ता गर्दा प्रस्ताव गरेको मेसिन औजारको प्रस्तावलाई प्राथमिकता दिइनेछ ।
३. अनुदान रकम उद्योगीको बैङ्क खातामा वडा कार्यालयको मेशनि उपकरण जडान गरेको र यस अगाडी नेपाल सरकार, प्रदेश सरकार वा कुनै निकायवाट सहुलियत वा अनुदान नलिएको सिफारिश पत्र प्राप्त भएमा भूक्तानी दिइने छ ।

**नोट : यस सम्बन्धी कुनै जानकारी लिनु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**

**पुनश्च :** मिति २०७७/७/१९ को सम्पूर्ण स्थानीय तह, उद्योग वाणिज्य संघ र गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकाको प्रथम पटक प्रकाशित सूचना हेर्न हुन समेत अनुरोध छ ।